पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

067 – 411101
067 – 411102
: paiyungapa@gmail.com
: www.paiyunmun.gov.np
गण्डकी प्रदेश, नेपाल।

प.सः ०७७/७८
च.नं : २४५८

मितिः २०७८।२।३१ गते

विषयः बजेट सीमा, प्राथमिकता तथा मार्गनिर्देशन पठाइएको सम्वन्धमा ।

श्री ७ वटै वडा कार्यालय,
पैयूँ गाउँपालिका,हुवास ।

श्रोत अनुमान तथा बजेट निर्धारण समितिको २०७८।२।३१ को निर्णयानुसार आर्थिक वर्ष २०७८/७९को बार्षिक योजना, बजेट तथा विकास कार्यक्रका लागि तहाँ वडा कार्यालयलाई तोकिएको बजेट सीमा, प्राथमिकता तथा मार्गनिर्देशन तपसिल बमोजिम पठाइएको छ । मिति २०७८।३।६ गते भित्र वडा स्तरीय योजनाहरुको तर्जुमा गरी प्रस्ताव पेश गरिसक्नु हुन आदेशानुसार अनुरोध छ ।

**तपसिल**

१. वडागत वजेट सीमाः रु. ३० लाख ।
२. मार्ग निर्देशन तथा प्राथमिकिकरण

*पुनश्चः स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन तहाँ कार्यालयको इमेल ठेगानामा पठाईएको छ। सोही ठाँचा अनुसार पेश गर्नुहुन, साथै बजेट तर्जुमा सम्बन्धमा थप जानकारी लिनुपर्ने भएमा यस कार्यलयका लेखा अधिकृत श्री युवराज सुवेदी(९८५७६२३१९७) लाई सम्पर्क गर्नुहुन अनुरोध छ।*

(केशव लामिछाने)
प्रमुख प्रशासकीय अधिकृत

## मार्गनिर्देशन तथा योजना छनौटका प्राथमिकता

### क. प्राथमिकीकरणका आधारहरुः

१. आर्थिक विकास (१८ प्रतिशत)

आर्थिक विकास अन्तरगत पर्ने योजनाका क्षेत्रहरुः कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र वित्तिय क्षेत्र सँग सम्बन्धति योजनाहरु ।

- कृषि सँग सम्बन्धित योजनाहरुलाई विशेष प्राथमिकता प्रदान गर्नुपर्ने
- कृषकहरुलाई प्रत्यक्ष लाभ पुर्र्याउने तथा आधुनिक कृषि प्रणाली विकास गर्ने योजनाहरु,
- कृषि तथा पशुजन्य उत्पादन तथा बजारको पहुँच वृद्धि गर्ने योजनाहरु,
- स्थानीय विउ विजन संरक्षण तथा प्रवर्द्धन गर्ने,
- तुलनात्मक रुपमा आर्थिक लाभ प्रदान गर्ने नगदे बाली तथा फलफूलको उत्पानमूलक योजनाहरु
- ग्रामिण पर्यटन प्रवर्द्धन गर्ने,
- स्थानीय स्रोत साधन र सिपमा आधारित घरेलु तथा साना उद्योग सञ्चालन ,
- सहकारीताको विकास गर्ने संघ सस्थाहरुको सुदृढिकरणमा टेवा पुर्याउने ,
- सामुहिक खेती (अर्गानिक) तथा पशु व्यवसाय सञ्चालनमा जोड दिने खालका योजनाहरु,
- रोजगारी सिर्जना गर्ने र आर्थिक विकास गर्ने,
- पशुपालन सँग सम्बन्धित योजनाको हकमा उन्नत र नश्ल सुधार गर्ने,
- स्थानीय बजार व्यवस्थापन तथा सुदृढिकरण,

२. सामाजिक विकासः (२० प्रतिशत)

यस अन्तरगत पर्ने योजनाका क्षेत्रहरुः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समनाता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, जनजाति, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक आदि)

- शैक्षिक पूर्वाधार विकास गर्ने जस्तैः विद्यालय भवन मर्मत, शैक्षिक सामाग्रीहरु, फर्निचर, पुस्तकालय, सामुदायिक अध्ययन केन्द्र तथा शौचालय निर्माण आदि,
- जनसहभागितामा आधारित खानेपानी तथा पूर्ण सरसफाइसँग सम्बन्धित योजनाहरु,
- लक्षित वर्गका मानिसहरुको सशक्तिकरण( आर्थिक तथा समामाजिक )मा टेवा पुर्याउने,
- स्थानीय भाषा सँस्कृति संरक्षण र विकासमा जोड दिने,
- स्थानीय स्वास्थ्य सँग सम्बन्धित योजनाहरु,
- परम्परागत रुपमा गाउँमा निर्मित कुलो, पोखरी, ढुङ्गेधाराहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने खालका योजनाहरु,

३. पूर्वाधार विकासः (४८ प्रतिशत)

यस अन्तरगत पर्ने योजनाहरुः सडक तथा पुल (झोलुङ्गे पुल समेत), सिंचाइ, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार

- स्थानीय कृषि उत्पादनहरु निकासी हुने महत्वपूर्ण कृषि सडक निर्माण,
- खेती योग्य जमिनहरुमा सिंचाइको व्यवस्था गर्ने,
- दिगो र एकिकृत पूर्वाधार विकासमा सहयोग गर्ने योजनाहरु,
- सडकको हकमा अनावश्यक नयाँ ट्र्याक नखोल्ने बरु विगतमा निर्मित महत्वपूर्ण सडकहरुको स्तरोन्नती गर्ने,
- विकासका पूर्वाधार निर्माण सँग सम्बन्धित योजनाहरुको हकमा उपभोक्ताहरुको लागत सहभागिता जुट्ने योजनाहरुलाई विशेष प्राथमिकता दिने,
- टुक्रे र साना योजनाहरुभन्दा नतिजामूलक र भविष्यमा राम्रो प्रतिफल दिने योजनाहरु,
- सडक निर्माणको हकमा ५ लाख भन्दा कम बजेटका सडक योजनाहरु छनौट नगर्ने साथै पूर्वाधार सम्बन्धी अन्य योजनाहरु २ लाख भन्दा साना हुनु नहुने,

## ४. वन वातावरण तथा विपद व्यवस्थापन (८ प्रतिशत)

यस अन्तरगत पर्ने योजनाहरुः वन तथा भू-संरक्षण, जलाधार संरक्षण,जलवायु परिवर्तन, फोहोरमैला ब्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन

- वृक्षारोपण (जडिबुटी समेत) तथा वन जङ्गलको संरक्षण गर्ने,
- नर्सरी स्थापना गर्ने,
- प्राकृतिक तथा मानवजन्य प्रकोपहरु न्यूनिकरण गर्ने खालका योजनाहरु,
- भू-क्षय तथा डढेलो नियन्त्रण सम्बन्धी योजनाहरु,
- अतिचरण र चक्ला बन्दी खेती प्रणालीलाई निरुत्साहित पार्ने,
- फोहोरमैला व्यवस्थापन सम्बन्धि योजनाहरु,

## ५. सुशासन तथा संस्थागत विकास (६ प्रतिशत)

यस अन्तरगत पर्ने योजनाहरु (यस अन्तरगत विशेषतः कार्यालयसँग सम्बन्धित योजनाहरु पर्दछनः- मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन वित्तीय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, अन्तरिक लेखापरीक्षण, बेरुजु फछ्यौंट, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचउना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय ।

- वडा कार्यालय मर्मत संभार तथा व्यवस्थापन,
- सेवा प्रवाह सम्बन्धी विभिन्न सफ्टवेयरहरुको व्यवस्थापन,
- सार्वजनिक सेवा प्रवाहलाई थप व्यवस्थित बनाउने,
- सार्वजनिक सुनुवाई तथा सुशासन प्रवर्द्धन,
- कर्मचारीहरु तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु,
- सेवाग्राहीमैत्री सेवा प्रवाहलाई थप व्यवस्थित बनाउने,

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**ख. योजना तर्जुमाका मार्गदर्शनहरुः**

१. योजना तर्जुमा तथा छनौटका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन,

२. नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन,

३. पैयूँ गाउँपालिकाको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को पालना गरी वार्षिक योजना तर्जुमा प्रक्रिया सञ्चालन गर्नुपर्ने

४. बजेट विनियोजन गर्दा ५ वटै विषयगत क्षेत्रहरु (प्रतिशतसमेत) समेट्नु पर्दछ साथै यथासम्भव हरेक विषय क्षेत्रभित्र पर्ने उपक्षेत्रहरु समेटिनुपर्नेछ । क्षेत्रगत बजेट विनियोजन देहाय बमोजिम गर्नुपर्नेछः

क. आर्थिक विकासः
ख. सामाजिक विकासः
ग. पूर्वाधार विकास
घ. वन वातावरण तथा विपद व्यवस्थापन
ङ सुशासन तथा संस्थागत विकास

५. सबै वडा कार्यालयहरुले बस्ती स्तरका योजना तर्जुमा गर्नुभन्दा ३ दिन अगावै सरोकारवाला सबैलाई सूचना प्रवाह गर्नुपर्नेछ ।

६. साना र टुक्रे योजनाहरु भन्दा पनि नतिजामुखी योजनाहरु छनौट गर्नुपर्नेछ ।

७. पूर्वाधार अन्तर्गत सडक निर्माण योजनाहरुको हकमा ५ लाख भन्दा कम र अन्य योजनाहरुमा रु २ लाख भन्दा थोरै बजेट विनियोजन नगर्ने ।

८. वडाको बजेट सिलिङ्गले समेट्न नसक्ने तर दुई वा दुई भन्दा बढी वडाहरुलाई सम्बोधन गर्ने गाउँपालिका स्तरीय योजनाहरु बढीमा २ वटा सम्म छनौट गरी पठाउने ।

९. वडा स्तरीय योजनाहरुको जम्मा संख्या १५ वटा भन्दा धेरै हुनु नहुने ।

१०. कृषि, शिक्षा, स्वास्थ्य ,सिंचाई जस्ता क्षेत्रहरुलाई बढी प्राथमिकता दिने।

११. लक्षित वर्गका कार्यक्रमहरु अन्तरगत तालिम र सशक्तिकरण जस्ता शिर्षकमा भन्दा आत्मनिर्भरता सिर्जना गराउने खालका कार्यक्रमहरु व्यवस्था गर्नुपर्ने,

१२. छिटो प्रतिफल दिने, जनसहभागिता जुट्ने, स्थानीय साधन स्रोतहरुको परिचालन हुने, रोजगारीको अवसर सिर्जना गर्ने तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने खालका योजनाहरु छनौट गर्नुपर्ने ।

१३. सडक निर्माण योजनाकोहकमा नयाँ ट्र्याकका लागि बजेट विनियोजन गर्न पाईने छैन तर अत्यावश्यक भएमा औचित्य सहित गाउँ कार्यपालिकाबाट स्वीकृत लिनुपर्नेछ।

१४. वडा कार्यालयको प्रशासनिक खर्चको उपशीर्षकहरु गाउँ कार्यपालिकाको कार्यालयले निर्धारण गरी पठाउनेछ ।